 जीवनको लागि वनस्पति


## आगन्तुकले पालना गर्नु पर्ने नियमहरू

- उद्यान प्रवेश गर्नु अघि आगन्तुकहरुले प्रवेश टिकट लिनुपर्ने हुन्छ ।
- उद्यान भित्र सवारी साधनहरु निषेध गरिएको छ ।
- उद्यान भित्र सभ्य, मर्यादित र अनुशासित भई बस्नु पर्नेछ ।
- विरुवा एवम् यसको फूल, पात, फल, आदि टिप्न तथा चुड्न पुर्ण निषेध छ ।
- विरुवा रोपण गरिएका ब्याडहरुमा खेल्न तथा हिड्न मनाही गरिएको छ ।
- धुम्रपान तथा मद्यपान गर्न पाइने छैन ।
- उद्यान क्षेत्रमा कुनै प्रकारको फोहोर गर्न पाइने छैन ।
- फोहोरमैला डस्टविनमा मात्र फाल्नु पर्नेछ ।
- उद्यान क्षेत्र भित्र पकाउने, आगो बाल्ने जस्ता क्रियाकलापहरु प्रतिबन्धित छन् ।
- कुकुर लगायत अन्य घरपालुवा जनावरहरु उद्यान भित्र लैजान पाइने छैन ।
- पोलिथिन (४० माइक्रोन भन्दा कम) झोलाहरु पूर्ण रुपमा प्रतिबन्धित छ ।

## उद्यान खुल्ने समय

कार्तिक १६ देखि माघ १५ गतेसम्म: बिहान ९:३० देखि बेलुका ४:०० बजेसम्म र

अन्य समयमा: बिहान ९:३० देखि बेलुका ५:०० बजेसम्म ।




# राष्ट्रिय वनस्पति उद्यान (नेपाल)



नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वनस्पति विभाग

## राष्ट्रिय वनस्पति उद्यान

गोदावरी, ललितपुर, नेपाल
फोन: ०१-५१७४२४६, ५१७४२७९
वेबसाइट: www.nbg.gov.np

माघ, २०८१


 पोलिथिन झोला मुक्त क्षेत्र

जीवनको लागि वनस्पति

## परिचय

वनस्पतिको स्व-स्थानीय एवम् पर-स्थानीय संरक्षण, अध्ययन अनुसन्धान, प्रदर्शनी तथा मनोरञ्जनात्मक उद्देश्य राखी स्थापना गरिएको जीवित वनस्पतिको संग्राहलय नै वनस्पति उद्यान हो । वि.सं. २०१९ साल कार्तिक १२ गते राजा महेन्द्रबाट समुद्घाटन भएको शाही वनस्पति उद्यान वि.सं. २०६३ साल आषाढ १९ गते राष्ट्रिय वनस्पति उद्यानको रुपमा नामाकरण भएको हो । यस उद्यानको प्रारम्भिक ल्याण्डस्केप डिजाइनर ब्रिटिश वैज्ञानिकद्वय जि.ए.सि. हर्कलट र टोनी सिलिङ्ग हुन् । यस उद्यानको प्रमुख उद्देश्य भनेको वनस्पति संरक्षण, अध्ययन अनुसन्धान, प्रदर्शनी र आगन्तुकहरुको लागि आमोद प्रमोद स्थलको रुपमा विकास गर्ने हो । करिब ८२ हेक्टर क्षेत्रफलमा फैलिएको यस उद्यानको ४० हेक्टर क्षेत्रफलमा ३० वटा विभिन्न थिमेटिक वाटिकाहरु रहेका छन् । उपोष्ण पर्यावरणीय क्षेत्रमा रहेको यस उद्यानमा उत्तिस-चिलाउने-कटुसको प्राकृतिक जंगल रहेको छ । सन् २०१५ देखि यो वनस्पति उद्यान बोटानिक गार्डेन्स कन्जरभेसन इन्टरनेशनल (BGCI) को सदस्यता लिइ यसको अन्तर्राष्ट्रिय सञ्जालमा आवद्ध छ । यस वनस्पति उद्यानको मानक चित्र खिरौले (वन लसुन) हो जसको वैज्ञानिक नाम *Lilium nepalense* D.Don हो ।

### संगठनात्मक संरचना




**विशेष दिन:** उद्यान स्थापना दिवस (कार्तिक १२) र वनस्पति संरक्षण दिवस (May 19)

## उद्देश्य

- विभिन्न प्रजातिका जीवित वनस्पतिहरुको संकलन गरी संरक्षण गर्ने
- वानस्पतिक प्रसारण र बीउ बैंकको लागि प्रविधि विकास गर्ने
- वनस्पतिको अध्ययन अनुसन्धान गर्ने र सो मा सहयोग गर्ने
- वनस्पति उद्यानहरुको विकासमा सहयोग पुऱ्याउने
- अन्य वनस्पति उद्यानहरुसँग वनस्पति तथा ज्ञानको आदान प्रदान गर्ने

### राष्ट्रिय वनस्पति उद्यानको तथ्य पृष्ठ:

| श्रेणी | प्रजातिको संख्या |
|---|---|
| स्व-स्थानीय वनस्पति संरक्षण | ५२२ |
| पर-स्थानीय वनस्पति संरक्षण | ७४८ |
| मिचाहा वनस्पति | १५ |
| **जम्मा प्रजाति** | १२८५ |
| सपुष्पक | १०९४ |
| कोणधारी | ३४ |
| उन्यू | १११ |
| काइ | ४६ |
| जडीबुटी एवम् सुगन्धित वनस्पति | करिब २०० |
| सुनाखरी | ८९ |
| सिउँडी | ६० |
| जङ्गली खाद्य वनस्पति | ६५ |
| शोभनीय वनस्पति | करिब २०० |
| साइटिस सूचिकृत वनस्पति | १०७ |
| आइयुसियन सूचिकृत वनस्पति | ३४१ |
| नेपालको रैथाने वनस्पति | ११ |

## मुख्य क्रियाकलापहरु

- वनस्पतिको स्व-स्थानीय तथा पर-स्थानीय संरक्षण
- बीउ संकलन एवम् संरक्षण
- मौसमी तथा बहुवर्षीय शोभनीय फूल विरुवा उत्पादन
- ल्याण्डस्केप एवम् विभिन्न थिमेटिक वाटिकाहरु सौन्दर्यीकरण तथा व्यवस्थापन
- वनस्पति उद्यानका साथी अन्तर्गत विद्यार्थी केन्द्रित क्रियाकलाप
- स्वदेशी शोभनीय वनस्पतिको अध्ययन अनुसन्धान
- विरुवा प्रसारणका लागि प्रविधि विकास
- सूचना केन्द्र तथा म्यूजियम व्यवस्थापन
- पुष्प प्रदर्शनीमा सहभागिता
- वनस्पति संरक्षण र उद्यान विकास सम्बन्धि शिक्षा/तालिम

## उद्यानका सुविधाहरु

- सूचना केन्द्रको माथिल्लो तल्लामा खाजा घर (Restaurant) को व्यवस्था
- उद्यानको मुख्य प्रवेशद्वार अगाडी सवारी साधनको सशुल्क पार्किङ्गको व्यवस्था
- उद्यान भित्र शितल घर/विश्राम घरहरु, जहाँ आगन्तुकले Dry Picnic गरी रमाउन सक्ने
- अशक्त व्यक्तिहरुका लागि Wheel Chair को व्यवस्था
- आगन्तुकहरुले विरुवाहरु खरिद गर्नका लागि प्रवेशद्वारको नजिकै बिक्री कक्षको व्यवस्था
- विद्युतीय सवारीबाट सशुल्क उद्यान अवलोकन गर्न सकिने
- सुटिङ्गका लागि Changing Room को व्यवस्था (मुख्य प्रवेशद्वार र विशेष वाटिकाको द्वार नजिक)
- उद्यानको मुख्य प्रवेशद्वार अगाडी Water Vending Machine को व्यवस्था


पोलिथिन झोला मुक्त क्षेत्र